# मादी गाउँपालिका
# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ३ संख्या २ वैशाख ३० गते, २०७६ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. २

## चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना :**

मादी गाउँपालिका भित्र रहेको कृषि योग्य जमिन, जनसंख्या वृद्धि र एकल परिवारको बढ्दो प्रचलनले गर्दा बिखण्डित भएर खेती गर्न कठिन मात्र भएको छैन सीमाना थपिदै जाँदा खेती योग्य जमिन समेत घटदै गईरहेको छ । भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै भूमिको समूचित प्रयोगमा जोड दिन वान्छनीय भएकोले मादी गाउँपालिकाको भू उपयोग ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी मादी गाउँ कार्यपालिकाबाट चक्लाबन्दी सम्बन्धी कार्यविधि जारी गरिएको छ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) कार्यविधिको नाम “चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुने छ ।

२. **परिभाष :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कार्यक्रम” भन्नाले चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम वा चक्लाबन्दी प्रवर्द्धनमा आधारित यस्तै प्रकृतिका कार्यक्रम सम्झनु पर्दछ ।

(ख) “चक्लाबन्दी” भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरूलाई एकीकृत गर्ने प्रकृया सम्झनु पर्दछ ।

(ग) “आवदेक” भन्नाले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका जग्गाधनीहरूको समूह, कृषि समूह, कृषि सहकारी र कृषि उद्यमी सम्झनु पर्दछ ।

(घ) “अनुदानग्राही” भन्नाले चक्लाबन्दी गनकधो लागी छनौट भएका आवदेकलाई जनाउँदछ ।

(ङ) “गाउँपालिका” भन्नाले मादी गाउँपालिका सम्झनु पर्दछ ।

(च) “कार्यालय” भन्नाले मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले दफा ११ (१) बमोजिम गठित मूल्याङ्कन समिति भन्ने सम्झनु पर्दछ ।

(झ) “समूह” भन्नाले कार्यक्रम सञ्चालन समूह सम्झनु पर्दछ ।

(ञ) “निर्देशन समिति” भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य र सहयोग सम्बन्धी व्यवस्था

३. **कार्यक्रम सञ्चालनको उद्देश्य :** यस कार्यविधि बमोजिम यस कार्यक्रम को उद्देश्य देहाय बमोजिम हुने छ ।

(क) खेतीयोग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने र जग्गा बाँझो राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्तिलाई

मादी गाउँपालिका, कास्की

निरुत्साहन गर्ने

(ख) खेती प्रणालीलाई रूपान्तरण र विस्तार गरी रोजगारीका अवसर सजृना गर्ने

(ग) कृषि उत्पादन तथा व्यवसायिकरण तर्फ सञ्चालन हुने कार्यक्रमहरूलाई समेत चक्लाबन्दी कार्यक्रम सँग आबद्ध गर्दै लैजाने ।

४. **अनुदानका क्षेत्र:** चक्लाबन्दी प्रबर्द्धन कार्यक्रमअर्न्तगत देहायको कार्यका लागि गाउँपालिका अनुदान सहयोग प्रदान गर्न सकिनेछ ।

(क) जग्गाको चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्सा सङ्कलन र नयाँ नापी गरी आधार नक्सा तयार गने कार्य । यस कार्यमा गाउँपालिकाबाट आवश्यक प्राविधिक सहयोग समेत प्रदान गरिनेछ ।

(ख) आधार नक्सामा योजनाका रूपरेखा तयार गरी ब्लकको डिजाइन गने, प्रत्येक ब्लकमा सिचाई, निकास, बाटो, विजुलीको व्यवस्था मिलाउने कार्य ।

(ग) यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई सम्म बनाउने (earth work) सम्वन्धि कार्य ।

(घ) चक्लाबन्दी पश्चात कृषि उत्पादन कार्यका लागि आवश्यक यन्त्र उपकरण, मल विउ खरिद गर्ने कार्य ।

५. **अनुदान सहयोग प्रदान गर्न सक्ने :** चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि आवेदन दिने आवेदनकर्ताहरूलाई गाउँपालिकाले मूल्याङ्कन पश्चात देहाय बमोजिम अनुदान सहयोग प्रदान गर्न सक्नेछ :

(क) ४० देखि १०० रोपनी क्षेत्रफलसम्मका जग्गाका लागि बढीमा रु १० लाखसम्म

(ख) १०१ देखि २०० रोपनी क्षेत्रफलसम्मका जग्गाका लागि बढीमा रु २० लाखसम्म

(ग) २०१ रोपनीदेखि माथिको क्षेत्रफलको जग्गालाई बढीमा रु ३० लाख सम्म

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन विधि

६. **कार्यक्रम सञ्चालन :** यस कार्यक्रम गाउँपालिकाबाट सञ्चालन गरिनेछ ।

७. **कार्यक्रम गने आधार तथा मापदण्ड :** चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि

देहायका आधार पुरा भएको हुनुपर्ने छ :

(क) कम्तीमा दुई भन्दा बढी व्यक्तिहरू वा समहु वा संस्था हुनुपर्ने ।

(ख दुई वा दुई भन्दा बढी कित्ता भएको जमिन हुनुपर्ने ।

(ग) चक्लाबन्दी गर्ने जग्गा कम्तिमा ४० रोपनी भन्दा बढी हुनुको साथै कृषि उत्पादनयोग्य जमिन हुनुपर्ने ।

(घ) खेतीयोग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लानिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक विघामा कम्तीमा तीन बाली खेती गर्नुको साथै सो कार्य गर्न कम्तीमा ५ वर्षको प्रतिवर्द्धता पत्र गरिएको हुनुपर्ने ।

(ङ सम्बन्धित वडाको सिफारिस भएको हुनुपर्ने ।

८. **आवेदन आव्हान :** १) कृषि उत्पादन कार्यलाई सहज र व्यवस्थित तुल्याउने प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गने कार्यलाई प्रोत्साहन गर्न गाउँपालिकाले ३० दिने म्याद दिई राष्ट्रिय पत्रिका तथा गाउँपालिकाको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाई सार्वजनिक रूपमा प्रस्ताव आव्हान गर्नुपर्ने छ ।

२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको वेभ साईटमा प्रकाशित गर्नुपर्ने छ ।

९. **आवेदन सङ्कलन :** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न सहयोग प्राप्त गर्न चाहने आवेदकले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ७ बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिमा तोकिए बमोजिमको ढाँचामा गाउँपालिकामा दरखास्त दिनुपर्ने छ ।

(क) माग आवेदनकर्ताले आफ्नो निवेदनका साथमा आफूले चक्लाबन्दी गर्न चाहेको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि एवं सवै जग्गाधनीको सहमति भएको सम्झौतापत्र सहित आवेदन दिनुपर्ने छ ।

(ख) आवदेनकर्ता समूह सहकारी वा संस्था भए प्रचलित कानुन बमोजिम दर्ता भई अद्यावधिक भएको कागजातहरूको प्रतिलिपि समते संलग्न गर्नुपर्ने छ ।

(ग) समहु वा संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न चाहेको निर्णय को प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

(घ) चक्लाबन्दी पश्चात उक्त जमिन कुन प्रयोजन प्रयोग गरिने हो सो को सुनिश्चितता सहितको तोकिएको अवधि को प्रतिबर्द्धता पत्र समेत आवदेनमा संलग्न गर्नुपर्ने छ ।

(ङ) प्रस्ताव आवेदकले आफुले सञ्चालन गर्ने कृषि व्यवसायको सङ्क्षिप्त प्रस्ताव समेत संलग्न गर्नुपर्ने छ ।

**१०. छनौट प्रकृया :** (१) चक्लाबन्दी कार्यक्रममा पेस भएका आवेदकहरू मध्ये सबभन्दा बढी क्षेत्रफल को जग्गामा चक्लाबन्दी गने जग्गाधनीहरूको समूह/कृषि समूह/कृषि सहकारी समूह/कृषि उद्यमीलाई पहिलो प्राथमिकता दिईनेछ । गाउँपालिकामा प्राप्त हुन आएका दरखास्तहरूको दर्ता शाखाले दिन भित्र प्रारम्भिक मूल्याङ्कन गरी मूल्याङ्कन समिति समक्ष पेस गर्नुपर्ने छ ।

**११. प्रस्ताव मूल्याङ्कन :** (१) चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि प्राप्त हुन आएका आवेदनहरूको मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहने छ :

| | | |
|---|---|---|
| क | इन्जिनियर घर नक्सा शाखा हेर्ने | संयोजक |
| ख | सव इन्जिनियर | सदस्य |
| ग | प्रमुख प्रशासन तथा सहकारी शाखा | सदस्य |
| घ | अमिन | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले कार्यविधि मा उल्लेखित मूल्याङ्कन आधार एवम् स्थलगतरूपमा अवलोकन गरी गराई समिति समक्ष पेस भएको पन्ध्र दिन भित्र निर्देशक समिति मा सिफारिस गर्नुपर्ने छ ।

(३) मूल्याङ्कन समितिको बैठक तथा खाजा खर्च स्वीकृत बजटे तथा कार्यक्रमको विनियोजित रकमबाट खर्च गरिनेछ ।

**१२. कार्यक्रम को स्वीकृति :** (१) मूल्याङ्कन समिति बाट सिफारिस भएको प्रस्ताव उपर निर्देशकसमिति ले अध्ययन गरी सात दिन भित्र स्वीकृति प्रदान गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निर्देशकसमिति समक्ष स्वीकृति का लागि पेस भएका कार्यक्रम यस कार्यविधि बमोजिम भएको नदेखिएमा निर्देशक समितिले उक्त प्रस्ताव मूल्याङ्कन समिति समक्ष फिर्ता पठाउने वा उपसमिति बनाई पुनरावलोकन गर्न लगाउने सक्नछे ।

**१३. निर्देशक समितिको गठन :** (१) यस कार्यविधि बमोजिमको प्रस्तावहरू स्वीकृत गर्ने तथा सो सम्वन्धमा आवश्यक निर्देशन एवम् समन्वयका लागि गाउँपालिकामा देहाय बमोजिमको एक निर्देशन समिति गठन हुने छ :

| | | |
|---|---|---|
| क | गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| ख | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग | आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ | अध्यक्षले तोकेको कार्यपालिकाको एक जना सदस्य | सदस्य |
| ङ | गाउँपालिकाको इन्जिनियर | स. सचिव |

(२) निर्देशक समितिले अनुदान सहयोगका लागि स्वीकृत गरेका व्यक्ति, समूह तथा संस्थाको आयोजनाको विवरण सार्वजनिक गराउनेछ ।

(३) यस कार्यविधि मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समिति ले आवश्यक देखेका विषयमा यस कार्यक्रम सञ्चालनका लागि छनौट भएको व्यक्ति, समूह तथा संस्थालाई कुनै शर्त बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नछे ।

(४) निर्देशक समितिको बैठक तथा खाजा खर्च स्वीकृत बजटे तथा कार्यक्रम को विनियोजित रकमबाट खर्च गरिनेछ ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन

**१४. जानकारी दिन पर्ने :** (१) निर्देशन समिति बाट स्वीकृत भएका प्रस्तावको सम्वन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्ने छ र यसको जानकारी गाउँपालिकाको वेवसाईटमा समेत राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उललेख गर्नुपर्ने छ । कुनै विशेष परिस्थितिका कारण सम्बन्धित पक्ष सम्झौता गर्न आउन नसक्ने भएमा सम्झौता गर्ने पदाधिकारीलाई मनासिव माफिकको कारण लागेमा सम्झौता गर्न बाधा पर्ने छैन ।

**१५. सम्झौता गर्नुपर्ने :** यस कार्यविधि बमोजिम गाउँपालिकाले कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्दा देहायका शर्तहरू समेत पालना गर्ने गरी तोकिएको समयावधि भित्र तोकिएको ढाँचामा सम्झौता गर्नुपर्ने छ :

(क) चार किल्ला भित्र को चक्लाबन्दी स्थलको नापी नक्सा सङ्कलन र नयाँ नापी गरी आधार नक्सा तयार गर्नुपर्ने छ । यस कार्यमा गाउँपालिकाबाट आवश्यक प्राविधिक सहयोग गरिनेछ ।

(ख) आधार नक्सामा योजनाका रूपरेखा तयार गरी ब्लकको डिजाइन गने, प्रत्येक ब्लकमा सिचाई, निकास , बाटो, विजुलीको व्यवस्था मिलाउनु पर्ने छ ।

(ग) यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई सम्म बनाउन (earth work) सम्बन्धी कार्य गर्नुपर्ने छ ।

(घ) चक्लाबन्दी गर्नु पूर्व र चक्लाबन्दी गरीसकेपछि व्लकको क्षेत्रको फोटो संलग्न गर्नुपर्ने छ ।

(ङ) डिजाईन अनुसारको लेखाकंनको लागि प्रत्येक जग्गाधनीको सीमाना ब्लक क्षेत्रको लगि सीमाना स्तम्भ राखी व्यक्तिको जग्गाको पुन: नाप नक्शा गरी सोही अनुसारको कित्ता नाप नक्सा तयार गर्नुपर्ने छ । यो कार्य जग्गा नाप जाँचत ऐन २०१९ र जग्गा जाँच नियमावली २०५८ बमोजिम हुने छ ।

(च) चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको कम्तीमा एक रोपनी भन्दा कम क्षेत्रफलको कित्ता काट गर्न नपाईने ।

(छ) खेतीयोग्य भूमिको जर्गेना गर्ने र अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने सुनिश्चित गर्नुपर्ने छ ।

(ज) चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको जमिनमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै एक वर्ष भित्र कम्तीमा तीन बाली लगाउने शर्त मञ्जुर गरिएको हुनुपर्ने छ।

(झ) चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कुराहरू सङ्घीय कानुन (जग्गा नाप जाँच ऐन, २०१९ दफा ११ (ग), जग्गा नाप जाँच नियमावली २०५८ को नियम २४ का साथै भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५१ (ज) र भूमि सम्बन्धी नियमावली २०२१ को नियम ३९ (ढ) र नियम ३९ (द) बमोजिम हुने छ ।

**१६. भुक्तानी विधि :** (१) चक्लाबन्दी सम्बन्धी सम्झौता बमोजिमको कार्य सम्पन्न भई सके पछि कार्य प्रगतिको आधारमा देहाय बमोजिमको कागजात संलग्न राखी भुक्तानीका लागि गाउँपालिकामा पेस गर्नु पर्ने छ ।

(क) सम्बन्धित वडाको प्राविधिक कर्मचारीबाट तिन वाली खेती गरिएको कार्य सम्पन्न भएको प्रतिवेदन

(ख) मेशीन औजार/यन्त्र उपकरण र मल वीउविजनका हकमा विक्रेतासँग खरिद भ्याट विल,

(ग) Earth Work सम्बन्धी कार्यमा सवारी साधन प्रयोग गरिएको भए आधिकारीक वील,

(२) गाउँपालिकामा भुक्तानीका लागि विल भरपाई एवंम प्राविधिक प्रतिवेदन सहित प्राप्त भएमा आवश्यक जाँचवुझ गरी निवेदको बैंक खातामा रकम भुक्तानी गरिनेछ ।

(३) कार्यक्रम कार्यन्वयनकाको लागि कुनै किसिमको पेश्की दिईने छैन ।

(४) लेखा राख्ने तथा लेखा परीक्षण गर्ने कार्य गाउँपालिकाबाट गरिनेछ ।

## परिच्छेद ५

## कार्यक्रम अनुगमन, मूल्याङ्कन र प्रतिवदेन

१७. **अनगुमन तथा मूल्याङ्कन गर्नेः** चक्लाबन्दी प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिएको क्षेत्रहरूमा संचालित कार्यक्रमको अनगुमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गाउँपालिकाबाट नियमित रूपमा गर्नुपर्ने छ ।

१८. **प्रतिवेदन तयार गर्ने :** सम्झौता बमोजिम सञ्चालित कार्यक्रम हरूको चौमासिक र बार्षिक रूपमा अनुगमन मूल्याकन गरी सो को प्रगति प्रतिवेदन तयार गरी गाउँपालिकाको वेवसाईटमा प्रकाशन गर्नुपर्ने छ ।

१९. **होडिङ्ग वोर्ड राख्ने :** कार्यक्रम सञ्चालन सम्बन्धी विवरण विस्तृत रूपमा झल्किने गरी अनुदान ग्राहीले होडिङ्ग वोर्ड राख्नु पर्ने छ ।

## परिच्छेद ६

## विविध

२०. **अनुदान रोक्का गर्न सक्ने :** सम्झौता अनुरूप काम नगर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले अनुदान रकम रोक्का गर्न सक्नेछ ।

२१. **वाधा अड्काउ फुकाउ :** यस कार्य विधिमा उल्लेख भएका वाहेक अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ । यस कार्यविधिको कार्यन्वयनमा केही वाधा व्यवधान आई परेमा वा विवाद उत्पन्न भएमा कुनै विषयलाई थप स्पष्ट वा प्रभावकारी भएमा अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकालाई हुने छ ।

२२. **संशोधन :** यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

**अनुसूची-१**
**(दफा ८ सँग सम्बन्धित)**

**मादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कास्की**

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : ................................

यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार जग्गाको विभिन्न कित्ताहरू एकीकरणबाट जग्गाको चक्लाबन्दी गरी कृषि उत्पादन कार्य सञ्चालन गर्नका लागि इच्छुक व्यक्तिहरूको समूह/सहकारी संस्था/कृषि उद्यमी/कृषि व्यवसायी/कृषक समूह हरूवाट यो सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र कार्यालय समयमा प्रश्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ । सार्थ रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रश्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जनाकारी गराइन्छ । प्रश्ताव पत्र र सङ्क्षिप्त व्यवसायिक कार्य योजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधि यस गाउँपालिकाको वेव साईट www.madimunkaski.gov.np बाट डाउनलोड गर्न सकिने छ । अन्य थप जानकारीका लागि कार्यालयको फोन नं. ०६१५०६४०० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

मादी गाउँपालिका, कास्की

## अनुसूची-२
### (दफा ९ सँग सम्बन्धित)
### दरखास्तको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मादी गाउँपालिकाको कार्यालय कास्की ।

विषय : चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेस गरिएको सम्वन्धमा ।

मादी गाउँपालिकाको कार्यालयबाट मिति...................... मा....................... मा प्रकाशित सूचना अनुसार यस समूह/व्यवसायी/उद्यमी/संस्था ले गाउँपालिकाको सहयोगमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्नका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी अनुसूची ३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरिएको छ ।

चक्लाबन्दी प्रर्वद्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६ र अन्य प्रचलित कानुन बमोजिमका शर्त तथा वन्देजहरू पालना गर्न समूह/व्यवसायी/उद्यमी/संस्था मञ्जुर छ ।

निवेदक
..............
नाम थर :
पद :
संस्थाको छाप :
ठेगाना :
सम्पर्क नं. :

मादी गाउँपालिका, कास्की

## अनुसूची-३
## (दफा ९ सँग सम्बन्धित)

निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू :

१. माग निवेदन साथ फर्म वा संस्था हकमा प्रचलित कानुन बमोजिम दर्ता नवीकरण भएको प्रमाण पत्र स्थायी लेखा नम्वर र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
२. संस्थाको हकमा कार्यसमितिको बैठकलले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि माग गरेको निर्णयको प्रमाणित प्रतिलिपि ।
३. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न विभिन्न व्यक्तिहरूको समूहकमा हकमा कम्तीमा ५ वर्षको कार्यक्रम सञ्चालन प्रतिवद्धता पत्र र आवेदकको नेपाालीे नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. कार्यक्रम सञ्चालनका लागि दफा ५ बमोजिमको जग्गाको क्षेत्रफल सहितको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।
५. कार्यक्रम सञ्चालन हुने सम्बन्धित वडाको सिफारिस पत्र ।
६. कार्यक्रम सञ्चालनको लागत अनुमान ।
७. गाउँपालिकाले तोकेको ढाँचामा तयार गरिएको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव तथा सङ्क्षिप्त व्यवसायिक कार्ययोजना समेत
८. चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्ने जग्गाको फोटो ।

माद्‍ी गाउँपालिका, कास्की

## अनुसूची-४
## (दफा ९ सँग सम्बन्धित)
## आयोजनाको विवरण :

१. समूह/संस्था/उद्यमी/व्यवसायीको नाम :
ठेगाना :
गाउँ टोल :
२. दर्ता नं. र मिति :
३. कार्यक्रमको नाम :
४. कार्यक्रम स्थल :
ठेगाना :
गाउँ टोल :
५. कार्यक्रम प्रारम्भ हुने मिति :
६. कार्यक्रम सम्पन्न हुने मिति :
७.. कार्यक्रम स्थलको कुल क्षेत्रफल :
७.१. कित्ता संख्या :
७.२. जग्गाधनीको संख्या :
८. प्रस्तावित कार्यक्रमको कुल लागत रु ,
८.१. आधार नक्सा तयारी वापत रु.
८.२. ब्लकको डिजाईन वापतको रु .
८.३.ब्लकको पानी, बिजुली बाटोको व्यवस्थापन वापत रु.
८.४ जग्गालाई सम्मो वनाउने सम्बन्धी कार्य वापत रु.
८.५ अन्य रु.

माछापुच्छ्रे गाउँपालिका, कास्की

## अनुसूची-५
## (दफा ७ (ङ) सँग सम्बन्धित )

**सम्बन्धित वडाको सिफारिस पत्रको ढाँचा।**

श्री मादी गाउँपालिकाको कार्यालय
कास्की

विषय : सिफारिस गरिएको सम्वन्धमा ।

ताहाँ कार्यालयको मिति . ....................मा प्रकाशित सूचना अनुसार सङ्घ/संस्था/उद्यमी/व्यवसायीले यस वडाको .................रोपनी ..............आना...............दाम...............पैसाक्षेत्रफलमा चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको
नाम :
पद :
दस्तखत
मिति :

मादी गाउँपालिका, कास्की

# अनुसूची-६

## (दफा ४ सँग सम्बन्धित )

## चक्लाबन्दी कार्यक्रमको क्षेत्र

१. जग्गाको चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्सा सङ्कलन र नयाँ नापी गरी आधार नक्सा तयार गने कार्य ।

२. आधार नक्सामा योजनाको रूपरेखा तयार गरी ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा सिंचाई, निकास, बाटो, विजुलीको व्यवस्था मिलाउने कार्य ।

३. यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई सम्म बनाउने सम्बन्धी कार्य ।

४. चक्लाबन्दी पश्चात कृषि उत्पादन कार्यका लागि आवश्यक यन्त्र उपकरण, मल विउ खरिद सम्बन्धी कार्य ।

माादी गाउँपालिका,कास्की

## अनुसूची-७
## (दफा ५ सँग सम्बन्धित)
## चक्लाबन्दी कार्यक्रम का लागि अनुदान सहयोगको सिमा

(क) ४० देखि १०० रोपनी क्षेत्रफल सम्मका जग्गाका लागि बढीमा रु १० लाख सम्म

(ख) १०१ देखि २०० रोपनी क्षेत्रफल सम्मका जग्गाका लागि बढीमा रु २० लाख सम्म

(ग) २०१ रोपनी देखि माथिको क्षेत्रफलको जग्गालाई बढीमा रु ३० लाख सम्म

माद्दी गाउँपालिका, कास्की

## अनुसूची-८
## (दफा १० र ११ सँग सम्बन्धित ) छनौटका आधार

१. कम्तीमा दुई वा सो भन्दा बढी व्यक्तिहरू समहु वा संस्था हुनुपर्ने ।
२. दुई वा दुई भन्दा बढी कित्ता भएको जमिन हुनुपर्ने ।
३. न्युनतम ४० रोपनी जमिन हुनुपर्ने ।
४. खेतीयोग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लटिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक वर्षमा कम्तीमा तीन बाली खेती गर्ने कम्तीमा ५ वर्षको प्रतिवद्धता पत्र हुनुपर्ने ।
५. वडाले सिफारिस गरेको हुनुपर्ने ।
६. कार्यविधिले तोकेको शर्तहरू पुरा भएको हुनुपर्ने ।

(चक्लाबन्दी कार्यक्रम मा पेस भएका आवेदक हरू मध्ये सबभन्दा बढी क्षेत्रफल को जग्गामा चक्लाबन्दी गने जग्गाधनीहरूको समूह/कृषि सहकारी संस्था/ कृषि उद्यमीलाई पहिलो प्राथमिकता दिई चालु आर्थिक वर्षका वजेट कार्यक्रममा व्यवस्था भए बमोजिम अनुदान उपलब्ध गराईने छ ।)

मादी गाउँपालिका, कास्की

## अनुसूची-९

## दफा १५ सँग सम्बन्धित)

## चक्लाबन्दी कार्यक्रम सञ्चालनको सम्झौता पत्रको नमूना

मादी गाउँपालिकाको आर्थिक वर्ष ..............को स्वीकृत कार्यक्रम अनुसार चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न मादी गाउँपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................ (यस पछि दोस्रो पक्ष भनिने) बिच तपशील बमोजिमका शर्तहरू पालना गने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

तपशील

१. यो सम्झौता भएको मितिबाट लागु हुने छ प्रथम पक्षले कार्यक्रमको लागि स्वीकृत गरेको रकमबाट ५ प्रतिशत रकम कन्टिन्जेन्सी र अन्य प्रचलित कानुन अनुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी कार्य सम्पन्न प्रतिवेदनको आधार मा रु. ........................(अक्षरूपी ........................) भुक्तानी गरिनेछ ।

२. दोस्रो पक्षले चार किल्ला भित्रको चक्लाबन्दी स्थलको नापी नक्सा सङ्कलन र नयाँ नापी गरी आधार नक्सा तयार गर्नुपर्ने छ । यस कार्यमा प्रथम पक्षबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

३. दोस्रो पक्षले आधार नक्सामा योजनाको रूपरेखा तयार गरी ब्लकको डिजाइन गर्ने, प्रत्येक ब्लकमा पानी, बाटो, बिजुलीको व्यवस्था मिलाउने, यन्त्र उपकरणको प्रयोग गरी जग्गालाई सम्म बनाउने सम्बन्धी कार्य गर्नुपर्ने छ ।

४. दोस्रो पक्षले काम सम्पन्न गरी भएको कामको भ्याट बिल सहित कार्य सम्पन्न भएको स्थलगत प्राविधिक प्रतिवेदन पश्चात् दोस्रो पक्षको बैंक खातामा एकमष्ठ रूपमा भुक्तानी गरिनेछ ।

५. दोस्रो पक्षले चक्लाबन्दी गर्नुपूर्व र चक्लाबन्दी गरिसकेपछि ब्लक क्षेत्रको गुगल म्याप वा फोटो खिची संलग्न गर्नुपर्ने छ ।

६. चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको कम्तीमा एक रोपनी भन्दा कम क्षेत्रफलको कित्ता काट गर्न पाईने छैन ।

७. दोस्रो पक्षले खेतीयोग्य भूमिको जर्गेना गर्ने र अन्य प्रयोजनका लागि अतिक्रमण हुन नदिने सुनिश्चित गर्नुपर्ने छ ।

८. चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको जमिनमा दोस्रो पक्षले एक विधमा कम्तीमा तीन बाली खेती गरेको हुनु पर्ने छ ।

९. दोस्रो पक्षले सम्झौता भएको मितिले १५ दिन भित्र चक्लाबन्दी सम्बन्धी कार्य शरु गरी सक्नुपर्नेछ । यस अवधि मा कार्य प्रारम्भ नभएमा सम्झौता

मादी गाउँपालिका, कास्की

रद्द गरिनेछ । कार्य प्रारम्भ भएको मितिले ........ महिनाभित्र कार्य सम्पन्न गरिसक्नपर्ने छ ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उललेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागु हुने छ ।

११. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भएको/नभएको हेर्न र आवश्यक सललाह सुझाव दिन सक्नेछ । उक्त सुझाव दोस्रो पक्षले पालना गनुपर्ने छ । प्रथम पक्षले दिएका सुझाव दोस्रो पक्षले पालना नगरेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दापनि सुधार नदेखिएमा एक पक्षीय रूपमा संम्झौता भंग गरिनेछ ।

१२. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा अनुदान रकम उल्लेख गरी बोर्ड सवैले देख्ने गरी राख्नुपर्ने छ ।

१३. दोस्रो पक्षले वर्तमान रूपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ ।

१४. चक्लाबन्दी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कुराहरू सङ्घीय कानुन (जग्गा नाप जाँच ऐन, २०१९ दफा ११ (ग), जग्गा नाप जाँच नियमावली २०५८ को नियम २४ का साथै भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५१ (ज) र भूमि सम्बन्धी नियमावली २०२१ को नियम ३९ (ढ) र नियम ३९ (द) बमोजिम हुने छ तथा प्रचलित कानुन बमोजिम हुने छ ।

प्रथम पक्षको तर्फबाट :

दोस्रो पक्षको तर्फबाट :

आज्ञाले,
युवराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

माद्री गाउँपालिका, कालिकोट